# किस्पाङ गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ७) किस्पाङ गाउँपालिका, पौष महिना ०२ गते, २०८० साल संख्याः ९**

## भाग २

## किस्पाङ गाउँपालिका

किस्पाङ गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### किस्पाङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,(पहिलो संशोधन) २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०८।२५
प्रमाणिकरण मितिः २०८०/०९/०२

## किस्पाङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,(पहिलो संशोधन) २०८०

प्रस्तावनाः

किस्पाङ गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह लाई व्यवस्थित र प्रभावकारी बनाउन बनेको किस्पाङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ लाई संशोधन गर्न बान्छनिय भएकोले किस्पाङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,(पहिलो संशोधन) २०८० स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेद - १

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "किस्पाङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि( पहिलो संशोधन), २०८०" रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

१) **मुल कार्यविधि भन्नाले** - किस्पाङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ सम्झनु पर्दछ ।

### परिच्छेद - २

**३.मुल कार्यविधिको दफा ४ छनोट सम्वन्धी व्यवस्थामा उपदफा ५ र ६ थप गर्ने ।**

१) (उपदफा ५) यस कार्यविधिमा जुनसुकै व्यवस्था गरिएको भएतापनी कार्यालयले सम्वन्धित पदको लोकसेवा आयोयवाट स्वीकृत पाठ्यक्रम बमोजिम लिखित परिक्षा र अन्तरवार्ता वा अन्तरवार्ताबाट मात्र पनी कर्मचारी छनौट गर्न सक्ने छ ।

२) (उपदफा ६) कुनै कामको लागि तत्काल करार गर्नुपर्ने भएमा नेपाल सरकारले सो पदमा तोकिएको न्यूनतम ज्यालामा कार्यालयलाई आवश्यक कार्यालय सहयोगी, श्रेणिविहिन पदमा कार्यपालिकाको निर्णय वमोजिम नियुक्त गर्न सक्ने छ ।

**आज्ञाले**

**केदार प्रसाद खतिवडा**

**प्रमुख प्रशासकीय अधिकृत**